३. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।

४. जग्गाको क्षेत्रफल देखिने नापी कार्यालयको प्रमाणित नक्सा ।

५. यस आ.व.मा तिरो तिरेको रसिदको प्रतिलिपी ।

६. सम्वन्धित वडा कार्या लयको सिफारिस ।

७. वृक्षारोपण गरिने कृषि र वन प्रजातिको विरुवा र संख्या ।

८. निजी र कृषि वन क्षेत्रको संरक्षण गर्न अपनाइने संरक्षणका उपायहरु (जस्तै : तारबार, जैवीकवार, हेरालु आदि) सहितको प्रतिवद्धता पत्र ।

## प्रस्तावनाका शर्तहरुः

प्रस्तावकले निम्न वमोजिमको कागजात तथा विवरण समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुपर्ने छ ।

१. प्रस्ताव पेश गर्नेको नाम, ठेगाना, संस्था भए सोको प्रमाणपत्रहरु सहितको विस्तृत विवरण (Profile)

२. प्रस्ताव पेश गर्दा आर्थिक र प्राविधिक प्रस्तावमा निम्न विवरणहरु समावेश हुनु पर्नेछ ।

क. जग्गाको चार किल्ला सहित जग्गाधनी प्रमाणपत्र वा भोगाधिकारको स्वामित्व खुल्ने कागजात ।

ख. निजी र कृषि वन प्रवर्द्धनको लागि आवश्यक जडिवुटि, डालेघांस, फलफूल प्रजातिका विरुवाहरु एवम् उन्नत वीउ विजन, प्राङगारिक जैविक मल, तारवार आदी समेतको लागत अनुमान ईष्टिमेट तथा डिजाईन तयार गर्नु पर्ने ।

ग. प्रस्तावको कुल लगानी एवंम प्रस्तावकको लगानी प्रतिशत र सुनिश्चितता (कम्तिमा २० प्रतिशत वा सो भन्दा वढी)

घ. कच्चापदार्थको उपलब्धताको सुनिश्चितता ।

ङ. स्थानीय रोजगारीको सुनिश्चितता । श्रृजना हुने रोजगारी श्रमदिन

च. कार्यक्रमको नविनता तथा श्रृजनशिलता ।

छ. कार्यक्रम सञ्चालन गर्ने व्यक्ति, समुह, सहकारीको नाम, ठेगाना ।

ज. निजी वन र कृषि वन कार्यान्वयन योजना ।

झ.जग्गाधनी को निजी वन र कृषि वन गर्ने संम्वन्धी प्रतिवद्धता ।

३. कार्य सञ्चालन गर्न यस कार्यालयसंग गरिने सम्झौता अनुसार अन्तिम कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात एकमुष्ट रकम भुक्तानी गरिनेछ ।

४. कार्यक्रम प्राप्त व्यक्ति, संस्था , निजी र सहकारी छनौट भइ नगद रकम सम्झौता वमोजिमको कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

५. पेश हुन आएको प्रस्तावहरु उपर कार्यक्रमको लागि गठन भएको मुल्याङकन समितीको बैठक बमो प्रस्ताव छनौट गरिने छ ।

CS Scanned with CamScanner